मधेस प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

जनकपुरधाम, धनुषा।

पत्र संख्याः- २०८१।०८२
चलानी नं.

मितिः-२०८१।०८।०२

## दलित, विपन्न, मुस्लिम तथा जेहेन्दार (चार समूह) छात्राहरुको लागि छात्रवृत्ति सम्बन्धी ३० दिने सूचना।

शिक्षा विकास निर्देशनालय, मधेस प्रदेश, जनकपुरधामको आ.व.२०८१।०८२ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "दलित, विपन्न, मुस्लिम र जेहेन्दार (चार समूह) छात्रा विद्यार्थीहरुको उच्च शिक्षाको लागि छात्रवृत्ति" प्रदान गर्ने कार्यक्रम रहेकोले यस प्रदेश भित्र स्थायी बसोबास रहेको र उच्च शिक्षामा अध्ययनरत दलित, विपन्न, मुस्लिम र जेहेन्दार छात्राहरुले तपसिलमा उल्लेखित कागजात सहित सूचना प्रकाशन भएको मितिले ३० दिन (मिति २०८१।०९।०२ गते) भित्र दिइएको आवेदनको नमूना ढाँचामा तोकिएका कागजातहरु सहित यस निर्देशनालय वा सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमा विद्यार्थी स्वयं वा निजको अभिभावकले आवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। आवेदन ढाँचा निर्देशनालयको वेवसाइट www.edd.madhesh.gov.np बाट डाउनलोड गरी प्रयोग गर्न सकिनेछ।

**छात्रवृत्ति प्राप्त गर्ने मापदण्ड र आधार**

१. जेहेन्दार विद्यार्थीको हकमा २.८ CGPA/GPA वा प्रथम श्रेणीमा र अन्य समूहको हकमा कम्तीमा १.६ CGPA/GPA उत्तीर्ण भएको हुनु पर्नेछ।
२. मधेस प्रदेशमा जन्म भएको छात्रा हुनुपर्नेछ।
३. सामुदायिक माध्यमिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (+२) वा प्रवीणता प्रमाण पत्रतह उत्तीर्ण गरी सामुदायिक वा सरकारी क्याम्पस/विश्वविद्यालयमा स्नातक वा सो भन्दा माथिल्लो तहमा भर्ना भई प्रथम बर्ष/सेमेष्टर वा सो भन्दा माथिल्लो बर्ष वा सेमेष्टरमा अध्ययनरत हुनुपर्ने।
४. दलित र मुस्लिमको हकमा दलित आयोग/मुस्लिम आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट र विपन्नको हकमा सम्बन्धित स्थानीय तह (पालिका/वडा)ले सिफारिस गरेको हुनुपर्ने
५. छात्रवृत्तिका लागि स्वयम छात्राको नाममा बैंक खाता खोलिएको हुनुपर्ने।
६. साधारण तर्फको छनौट हुने छात्राले बार्षिक रु.२५०००।- र प्राविधिक धार तर्फका छनौट हुने छात्राले बार्षिक रु.३५०००।- सकेसम्म जिल्लामा समानुपातिक हिसावले छात्रवृत्ति वितरण हुनेछ।

बोधार्थ
श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै, मधेस प्रदेशः- आवेदन फारम संकलनमा सहयोग गरिदिनुहुन।

ठुलोवावु दाहाल
नि.निर्देशक

## शिक्षा विकास निर्देशनालय, मधेस प्रदेश

### उच्च शिक्षा अध्ययनरत विद्यार्थी (छात्रा) हरुले प्रदेश सरकारको छात्रवृत्तीको लागि दिने आवेदनको ढाँचा, २०८१

श्रीमान निर्देशक ज्यू,

शिक्षा विकास निर्देशनालय, जनकपुरधाम, मधेस प्रदेश।

| फोटो |
|---|

बिषयः- छात्रवृत्ति उपलब्ध गराइ पाऊँ ।

ताँहा निर्देशनालयको मिति २०८१।०८।०२ गतेको सूचना अनुसार उच्च शिक्षा अध्ययनरत (दलित/विपन्न/मुस्लिम तथा जेहेन्दार) छात्राहरुको लागि मधेस प्रदेश सरकारको तर्फबाट प्रदान गरिने छात्रवृत्तिको लागि मैले सूचनामा तोकिएका मापदण्ड पूरा गरेकाले छात्रवृत्ति उपलब्ध गराइ पाउँ भनी देहायको विवरण र कागजात सहित आवेदन पेश गरेको छु। पेश गरेको कागजात र विवरण फरक पर्ने छैन। फरक परेमा कानून बमोजिम सहुँला/बुझाउला।

**बिवरण**

आवेदन गरेको समूहः- दलित ☐ विपन्न ☐ मुस्लिम ☐ जेहेन्दार ☐

१. विद्यार्थीको नामः-................................ सम्पर्क नं........................ इमेल ठेगाना.................................

२. विद्यार्थीको बुवाको नामः-

३. स्थायी ठेगानाः- जिल्ला............ पालिका............................वाडा नं.............टोल...................

४. जन्म मितिः-............................ जन्म स्थानः...................

५. मा.वि. तह (कक्षा १२) उत्तीर्ण गरेको विद्यालयको नामः-........................................ ठेगानाः-................

६. हाल अध्ययनरत
- ☞ क्याम्पसको नाम र ठेगानाः.................................................. ☞ विश्वविद्यालयः-
- ☞ अध्ययन गरेको संकायः-........................................ ☞ विषयः-................................
- ☞ परीक्षा प्रणालीः- बार्षिक/सेमेष्टर ........................... ☞ भर्ना भएको सालः-
- ☞ हाल अध्ययनरत बर्ष/सेमेष्टरः-प्रथम/दोस्रो/तेस्रो/चौथो/पाचौ/छैठौ/सातौ/आठौ

७. माध्यमिक तह (कक्षा १२) को नतिजा अवस्थाः- प्रतिशत/GPA

८. हाल अध्ययन गरेको तह दोस्रो वर्ष/सेमेष्टर वा सो भन्दा बढी भए अघिलो बर्षको प्राप्त सतिशत/GPA:-.......

९. यस अघि यस प्रकारको छात्रवृत्ति पाए/नपाएको ☐

१०. विद्यार्थीको नाममा बैंकमा संचालन भएको खाता नम्बरः-
- ☞ खाता संचालन भएको बैंकको नाम/ठेगानाः-............................

| ल्याप्चे | |
|---|---|
| दाया | बाया |
| | |

**आवेदक विद्यार्थीको**

हस्ताक्षर-

नामः-

क्याम्पस/विश्वविद्यालयको नाम

**संलग्न कागजातहरु-**

१.नागरिकता वा जन्मदर्ताको प्रतिलिपि ☐

२.माध्यमिक तह (कक्षा-१२) उत्तीर्ण भएको ट्रान्सक्रिप्ट ☐

३.स्नातक/स्नातकोत्तरमा दोस्रो बर्ष/सेमेष्टर देखि माथि अध्ययनरत विद्यार्थी भए अगाडिका बर्षहरुको मार्कसिट ☐

४.विद्यार्थीको नाममा खोलिएको बैंक खाताको चेकको स्पष्ट बुझिने प्रतिलिप ☐

५.दलित/विपन्न/मुस्लिम/जेहेन्दार (जुन समुह बाट छात्रवृत्ति आवेदन भरेको हो सो समूहको प्रमाणित गर्ने कागज ☐

६.अध्ययनरत क्याम्पस/विश्वविद्यालयको सिफारिस पत्र ☐